- मदिरा तथा सुर्तीजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छन् ।
- यस्ता वस्तुको उपभोग नगरौं/नगराऔं ।
- मदिरा तथा सुर्तीजन्य पदार्थको विज्ञापन गर्न नपाइने कानूनी व्यवस्था छ ।
- जनस्वास्थ्यसम्बन्धी कानूनको पूर्णरूपमा पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० वैशाख १० गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 April 23 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २३२

## बारा २ उपनिर्वाचनः सबै तयारी पूरा

### ६५ वटा मतदानस्थल उच्च जोखिममा

राधेश्याम पटेल, परवानीपुर, ९ वैशाख/

वैशाख १० आइतवार बारा क्षेत्र नं २ मा हुने प्रतिनिधिसभा सदस्यको उपचुनावको सबै तयारी पूरा भएको छ।



तस्वीरः प्रतीक

बारा २ उपचुनावका निर्वाचन अधिकृत मुकेश उपाध्यायका अनुसार मतदान केन्द्रको तयारी, मतदान सामग्री, कर्मचारी एवं सुरक्षा प्रबन्ध सबै पूरा भइसकेको बताए ।

उपनिर्वाचनको समयतालिका अनुसार बिहान ७ देखि साँझ ५ बजेसम्म मतदान गर्न गराउन सबै मतदान अधिकृतलाई निर्देशन दिइएको उनले बताए। "उपनिर्वाचन शान्तिपूर्ण सम्पन्न गर्न कडा निर्देशन छ, बिहान ७ बजे शुरू गरिहाल्ने र साँझ ५ बजेभित्र मतदान केन्द्र प्रवेश गरेका मतदातालाई मात्र मतदान गराउन निर्देशन दिएको छु," उनले भने, "यदि कुनै लापरवाही भएमा कानूनबमोजिम कर्मचारीलाई कारबाई गरिनेछ ।" बारा २ को उपनिर्वाचनमा ८२ वटा मतदानस्थल अन्तर्गत १३७ वटा मतदान केन्द्र रहेका जनाइएको छ। ८२ वटा मतदानस्थलमध्ये ६५ वटा मतदानस्थल उच्च जोखिममा तथा १७ वटा सामान्य जोखिममा रहेको जिल्ला प्रहरी कार्यालय, बाराले जनाएको छ।

बाराका प्रहरी उपरीक्षक होबिन्द्र बोगटीका अनुसार सुरक्षाका सबै तयारी पूरा भइसकेको छ। उनले बारा २ को उपचुनावलाई लक्षित गर्दै पूर्व-पश्चिम राजमार्गबाहेक बारा जिल्लामा अत्यावश्यक सवारीसाधनबाहेक सबै सवारीसाधन सञ्चालनमा रोक लगाइएको बताए ।

निर्वाचनमा सुरक्षा व्यवस्था मिलाउन नेपाली सेना, जनपद तथा सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धानलगायतका सुरक्षा अङ्गले समन्वय गरी सुरक्षा प्रबन्ध मिलाएको जिल्ला सुरक्षा समितिले जनाएको छ।

बारा २ को उपचुनावमा एक लाख पाँच हजार मतदाता छन् भने ३४ जनाको उम्मेदवारी रहेको छ। उम्मेदवारी ३६ जनाको परे तापनि दुईजनाले उम्मेदवारी फिर्ता लिएका थिए।

## २४ जना महिलासहित १६६ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ९ वैशाख/

पर्सा जिल्लाका तीन स्थानमा शनिवार भएको रक्तदान कार्यक्रममा २४ जना महिलासहित १६६ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए ।

अखिल नेपाल ट्रेड युनियन महासङ्घ बाराले वीरगंजको घण्टाघरमा आयोजना गरेको रक्तदान कार्यक्रममा तीनजना महिलासहित ५३ जनाले रक्तदान गरेका थिए ।

यसैगरी, सन्त निराकारी मण्डल नेपालले प्रसौनीभाठामा आयोजना गरेको रक्तदान कार्यक्रममा तीन महिलासहित २० जना र नेवा देव दुबु महानगर समितिले माईस्थान पार्कमा आयोजना गरेको रक्तदान कार्यक्रममा १८ जना महिलासहित ९३ जनाले रक्तदान गरेको केन्द्रका प्राविधिक प्रमुख पाण्डले बताए।

अखिल नेपाल ट्रेड युनियनले आयोजना गरेको कार्यक्रममा तेतरीदेवी साह, आशाकुमारी कानू, नेहा मण्डल, सन्तोष पटेल, वीरेन्द्र कुर्मी, अरुण ओझा, अमित पनेरु, सुबोध साह कानूलगायतले रक्तदान गरेका थिए ।

यसैगरी, सन्त निराकारी मण्डल नेपालले आयोजना गरेको रक्तदान कार्यक्रममा कोशिला देवी, प्रविताकुमारी राम, बतासी देवी, चन्दनकुमार बनिया, विनोद गिरी, योगेन्द्र प्रसादलगायतले रक्तदान गरेका थिए भने नेवा देव दुबुले आयोजना गरेको रक्तदान कार्यक्रममा सबाना श्रेष्ठ, पूनम श्रेष्ठ, प्रतिज्ञा वैद्य, कविता श्रेष्ठ, रक्षा क्षेत्री, रोशन वैद्य,



अनुपबहादुर राणामगर, अभिषेक शाह, शशाङ्क खड्गी, नितेश पाण्डेलगायतले रक्तदान गरेका थिए ।

## धोबिनी गाउँपालिकामा तालाबन्दी

प्रस, वीरगंज, ९ वैशाख/

पर्साको धोबिनी गाउँपालिकामा तालाबन्दी गरिएको छ ।

गापा अध्यक्ष मदन चौहानले मनोमानी गरेको भन्दै गापा उपाध्यक्षसहित कार्यपालिका सदस्यहरूले तालाबन्दी गरेका हुन्। एक महीनादेखि कार्यालय नआएका अध्यक्ष चौहानले प्रमुख प्रशासकीय अधिकृत महमद नवाज हुसेनसँगको मिलेमतोमा व्यापक अनियमितता गरेको कार्यपालिका सदस्यहरूको आरोप छ।

गाउँपालिकाकी उपाध्यक्ष मञ्जु देवीको नेतृत्वमा कार्यपालिका सदस्यहरूले गाउँपालिका कार्यालयमा ताला लगाएका हुन् ।

उपाध्यक्ष मञ्जु देवीका अनुसार अध्यक्ष चौहान चैत १२ गतेदेखि कार्यालय आएका छैनन् । आफैंले पत्र काटेर चैत २४ गते कार्यपालिकाको बैठक डाके पनि उपस्थितिमा हस्ताक्षर नगरी अध्यक्ष चौहान फर्किएका उपाध्यक्ष मञ्जु देवीको भनाइ छ ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हुसेन पनि चैत ३० गतेदेखि सुत्केरी स्याहार बिदामा छन् । अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नआउँदा



तस्वीरः प्रतीक

कार्यालयको कामकाज प्रभावित भएकोले दबाबस्वरूप कार्यालयमा तालाबन्दी गरिएको धोबिनी गापा वडा नं ४ का

(बाँकी तेस्रो पातामा)

## साहित्यकारहरू पुरस्कृत

प्रस, वीरगंज, ९ वैशाख/

साहित्य सङ्गम मकवानपुरले प्रतीक



सम्मानित हुँदै पत्रकार सञ्जय साह मित्र । तस्वीरः सौजन्य

दैनिकका स्तम्भकार एवं साहित्यकार पत्रकार सञ्जय साह मित्रलाई शनिवार भैरव अर्याल स्मृति सम्मान २०७९ पुरस्कार प्रदान गरेको छ ।

साहित्य सङ्गमकी अध्यक्ष अनीता न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भुपाल राईले पत्रकार साहलाई नगद २१ हजार १११ रुपैयाँसहित सम्मानित गरेका थिए ।

कार्यक्रममा साहित्यकार छवि

(बाँकी अन्तिम पातामा)

## बैंक कर्मचारीको घरमा डकैती

प्रस, सिम्रौनगढ, ९ वैशाख/

बाराको सिम्रौनगढनजीक सीमावर्ती भारतको घोडासहन थाना क्षेत्रको श्रीपुर जानकी कोठीस्थित कोओपरेटिभ बैंकका उपाध्यक्ष अरुण सिंहको घरमा गएराति डकैती भएको छ ।



घटनापछि एकाबिहानै घरबाहिर एकत्रित गाउँले । तस्वीरः प्रतीक

राति ११:३० बजे २२ जना डाँकाले घरको ढोका फोडी भित्र पसेका थिए । घरमा पसेर लुटेराहरूले परिवारका सदस्यहरूलाई कुटपिट गरी घरमा रहेका गहना, आवश्यक कागजातसहित नगद २५ लाख लुटेर लगेका पीडित सिंहले बताए ।

डाँका सम्बन्धमा सिंहका छोरा अभिजित सिंहले ११:३० बजे २०/२२ जना डाँका मेनगेटको ताला तोडी भित्र पसेको, घरमा १० जनाको सङ्ख्यामा डाँका प्रवेश गरी सबै लकर तोडेको, आफूसँग डेढ घण्टासम्म बहस गरी कुटपिट गरेको बताए । उनले डाँकाहरूसँगको बहसमा उनीहरू कहींबाट प्रेरित भई लुट्न आएका आफूलाई लागेको बताए ।

लुटेराहरूले बम पड्काउनुका साथै गोली फायर गरी भागेका थिए । प्रहरीलाई सूचना गरे पनि प्रहरी मूकदर्शक बनेको अभिजित सिंह र स्थानीयवासीले बताए ।

घटनाबारे सिकर हरनाहाका डिएसपी र स्थानीय प्रहरी जाँचमा जुटेका तथा बेतियाबाट डग स्क्वायड टीम आई जाँच गरिरहेको बताइएको छ। छिटै नै लुटेराहरू पत्ता लगाइने घोडासहन थानाध्यक्ष सतेन्द्र सिंहले जानकारी गराए।

## बारामा उपनिर्वाचनलाई लक्षित गर्दै वन गस्तीमा कडाइ

प्रस, निजगढ, ९ वैशाख/

बारा क्षेत्र नं २ मा उपनिर्वाचनलाई लक्षित गरी केही सातायतादेखि बारामा वन सुरक्षा गस्तीलाई तीव्रता दिइएको डिभिजन वन कार्यालय, बाराले जनाएको छ ।

निर्वाचन नजीकिंदै गर्दा बारामा वन क्षेत्र हानिनोक्सानी गर्दै काठ चोरी तस्करी र वन क्षेत्र अतिक्रमण गरी बस्ती बस्न सक्ने सम्भावनालाई नियाल्दै डिभिजन वन कार्यालय, बाराले गस्ती परिचालन गर्दै आइरहेको छ । निर्वाचनमा प्रहरी, प्रशासनसहित सुरक्षाकर्मीहरूको ध्यान निर्वाचन शान्त र भयरहित सम्पन्न गराउन ध्यान केन्द्रित हुने हुँदा पेशेवर काठ चोर तस्कर समूह र वन क्षेत्र अतिक्रमण गरी बस्ती बस्न सक्ने स्थानलाई डिभिजन वन कार्यालय, बाराले पहिचान गरी निगरानी बढाउँदै आएको हो ।

यसअघिका स्थानीय, प्रदेश र सङ्घीय संरचनाका निर्वाचन र त्यसभन्दा पनि अघि निर्वाचनको संघारमा बारामा वन क्षेत्र हानिनोक्सानी गरी अतिक्रमण गरी बस्ती बसाउने प्रयास भएजस्तै अहिले उपनिर्वाचनको संघारमा कानूनविपरीतका कार्य हुन सक्ने घटनाप्रति सजग रहँदै वन क्षेत्रको स्थानको संवेदनशीलतालाई ध्यानमा राख्दै डिभिजन वन कार्यालय, बाराले गस्ती र निगरानी बढाएको जनाएको छ ।



बारा वन क्षेत्रभित्र गस्ती गर्दै वनरक्षकसहितको टोली । तस्वीरः प्रतीक

जिल्लाको पूर्व दक्षिणी भेग धन्सार, भलुवाहीखोर, कोल्हवी, रामवन, रामनगर, सपही, ककरी, रामवन, जैतापुरलगायत उत्तरतर्फ सिगौल, रतनपुर, डमरपुर, चकरीलगायतका वन क्षेत्रलाई वन कर्मचारीहरूले निगरानीमा राख्दै गस्तीलाई कडा पारिएको डिभिजनल वन अधिकृत विनोद सिंहले बताए ।

यसअघि विभिन्न समयमा बाराको अतिक्रमित वन क्षेत्रमध्ये २४९.२९ हेक्टर जमीन अतिक्रमणमुक्त गराइ तारबार र रेखदेखका लागि वन हेरालुसमेत राखी गुमेको जमीनलाई हराभरा बनाउन डिभिजन वन कार्यालय, बाराले मातहतका निकायलाई सक्रिय बनाउँदै आइरहेको थियो । तर पनि गत फागुन २३ गते राति होली पर्वको मौका छोप्दै कोल्हवी नगरपालिका-५ रामवनमा साढे पाँच हेक्टर क्षेत्रफलमा तारबारको घेरा लगाइ वृक्षारोपण गरिएको लगभग नौ हजार टिक, मसलालगायत अन्य प्रजातिका बिरुवा हानिनोक्सानी गरेपछि जिल्लाको दक्षिणी वन क्षेत्रलाई अति संवेदनशील वन क्षेत्रको रूपमा लिई सशस्त्र वन सुरक्षा गस्ती टोली परिचालन गर्दै आइरहेको डिभिजन वन कार्यालय, बाराले जनाएको छ ।

पेशेवर काठ चोर तस्कर समूहले खुल्ला सडक र राजमार्गको दुरुपयोग गर्दै वन पैदावर हानिनोक्सानी गरी चोरी तस्करी गर्न सक्ने भएकाले निकै चनाखो भई वन क्षेत्रको नाका-नाकामा कडा निगरानीसँगै गस्ती परिचालन गरिरहेको डिवका प्रमुख सिंहले बताए ।

जिल्लाकै टाँगियाबस्तीमा निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने सरकारले जनाउँदै आएसँगै यस आसपासका वन क्षेत्र अतिक्रमणमा पर्ने सम्भावना बढ्दो र काठ चोरी तस्करी हुन सक्ने प्रबल सम्भावना भएकोले पनि विशेष निगरानी बढाइरहेको वन कार्यालयले जनाएको छ ।

**विचारसार र सूक्तिहरू**

**जुन विचार आत्माबाट निस्किन्छ, त्यसैले आत्मालाई सबैभन्दा बढी प्रभावमा पार्छ ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७८, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# समयको मूल्य बुझ, त्यसको सही नियोजन गर

सबैले २४ घण्टा पाउँछ, तर यस समयमा कसैले केही यस्तो गर्छन्, जुन चमत्कारको श्रेणीमा गनिन्छ र कसैले त्यत्तिकै बर्बाद गरिदिन्छ तथा सधैं समयको कमीको गुनासो गरिरहन्छ । तर साँच्चै हामीले समयको मूल्य बुझ्दैनौं । जबसम्म ठीक चलिरहेको हुन्छ, तब समय सोही अनुसार बितिरहेको हुन्छ तर विषम पलमा, परिस्थितिको दबावमा समयको मूल्य सही ढङ्गले समझमा आउँछ । जब परीक्षाको घडी नजीक आउँछ, यदि यसको अनुभूति हुन्छ भने जीवनको हरेक क्षणको सदुपयोग गर्दै कालको साधना, महाकालको आराधना हुनेछ । यस्तो नगरी मात्र मन्दिरमा गएर ईश्वरको चिहनपूजा गर्नु र त्यसैलाई सबै कुरा मान्नु एउटा भूल हुनेछ, किनभने सृष्टिको कण-कणले समयको कदर गरेको छ, महाकालको उपासना गरिरहेको छ र केही सन्देश दिइरहेको छ । यदि हामी चारैतिर नजर दौडाउँछौं

**समझदारी यसैमा छ कि व्यक्तिले आफ्नो समय आलस्य र निरर्थक कार्यमा बिताउनुहुँदैन । आलस्यलाई संसारको सबैभन्दा भयङ्कर बिमारी, समस्त रोगको जड मानिएको छ । यसबाट शरीर रुग्ण मात्र हुँदैन, बरु मनको शक्ति पनि कुण्ठित हुन्छ, जसको कारण व्यक्ति आर्थिकरूपले पनि दरिद्रता एवं अभावमा बाँच्नको लागि अभिशप्त हुन्छ ।**

तब समय निकै मूल्यवान् प्रतीत हुन्छ । समयलाई नष्ट गरेर सम्पूर्ण अनावश्यक वस्तु प्राथमिकताबाट विलुप्त हुन थाल्छन् । यस्तो क्षणमा पनि समयको जसले कदर गर्दैन, त्यो तनाव, अवसादको शिकार हुन्छ र परीक्षाको अग्नि कसौटीमा खरो उत्रिदैन । जब कोही बस वा रेलको यात्रामा हुन्छ वा हवाई यात्रा गर्छ, तब समयको मूल्य बुझ्न सक्छ । केही क्षणको ढिलो हुँदा बस, रेल वा फ्लाइट छुट्छ । यस्तोमा व्यक्ति सतर्क रहन्छ कि समय हातबाट ननिस्कोस् ।

यस्तै, जीवनको यात्रामा हरेक मोड एउटा कसौटीसरह आउँछ । जसले समयको सदुपयोग गर्दै निर्धारित कार्य गर्छ र आफ्नो कर्तव्यपालनको सन्तोषका साथ जीवनको आनन्द मनाउँछ र जसले यस्तो समयमा लापरवाही गर्छ, समयलाई आलस्य वा निरर्थक कार्यमा नष्ट गर्छ, समयले पनि उसलाई नष्ट गरिदिन्छ । यो एउटा कठोर कुरा लाग्न सक्छ तर सत्य यही हो । जसले आफ्नो जीवनको स्वर्णिमकाल यसरी नै बर्बाद गरिदिएको छ, जीवनको उत्तरार्द्धमा उसले त्यसको फल भोग्नुपर्छ । अशान्ति, असन्तोष मात्र उसको भागमा पर्छ ।

यस्तोमा यदि कसैले धन, विद्या, कीर्ति, यश, शान्ति आदिको रोइलो गर्छ भने त्यो उचित हुँदैन । यी सम्पदाको अर्जनको मूलस्रोत समय हो, त्यसलाई समयमै ध्यान दिएनौं भने अब के गर्न सकिन्छ । वास्तविक सम्पदा त समय नै हो । यदि यसको मूल्य बुझ्छौं भने, यसको सही नियोजन गर्छौं भने, बाँकी सम्पदा स्वतः नै यसबाट उद्भूत हुन्छ । भन्न सक्छौं कि हरेक पल हातबाट निस्किरहेको समय-सम्पदालाई बुझेर त्यसको सदुपयोग गर्न जसले सिकेको छ, मानौं उसले काललाई नै आफ्नो पक्षमा गरेको हुन्छ ।

जीवनको प्रवाहमा व्यक्तिलाई यो ध्यान कहाँ रहन्छ कि ऊ हरेक क्षण मरिरहेको छ । जीवनको उल्टो गन्ती चलिरहेको छ । थोपा-थोपा घैंटाबाट पानी चुहिरहेको छ, जुन एक दिन खाली हुने तय छ । हरेक श्वासको साथ जीवन सम्पदा चुकिरहेको छ र हामी मरणतर्फ अग्रसर भइरहेका छौं । यो एउटा शाश्वत सत्य हो ।

भने सृष्टिको हरेक घटक समय अनुसार चलिरहेको छ । सूर्य, चन्द्र, नक्षत्र, पृथ्वी, ऋतु- सबै आफ्नो नियतक्रममा गतिशील छन् । यसमा थोरै पनि व्यतिक्रम हुँदैन । एक मानिस नै हो, जसले यसमा मनोमानी गर्छ र प्रतिकूल परिणाम पाएपछि गुनासो गर्न थाल्छ ।

यदि हामी ईश्वरीय विधान अनुसार हिंड्छौं भने, हाम्रो दिनचर्या नियमित हुन्छ । शयन-जागरण समयमा हुन्छ । आहार-विहारको क्रम प्राकृतिक एवं सुव्यवस्थित हुन्छ र एउटा स्वस्थ एवं निरोग जीवन, प्रसन्न चित्त हाम्रो भागमा हुन्छ, तर समयको मूल्य नबुझेको कारण अस्तव्यस्त दिनचर्या, असंयमित जीवनयापन गर्छौं र दुर्बलता तथा रोगलाई नै स्वयम् निमन्त्रण दिन्छौं । यस्तोमा व्यक्तिले तनमनको स्फूर्ति र तेज गुमाउँछ । जीवन सुस्त र निस्तेज हुन्छ र आधा अधुरा एवं असफल-असन्तुष्ट जीवन जिउनको लागि विवश हुन्छ ।

समझदारी यसैमा छ कि व्यक्तिले आफ्नो समय आलस्य र निरर्थक कार्यमा बिताउनुहुँदैन । आलस्यलाई संसारको सबैभन्दा भयङ्कर बिमारी, समस्त रोगको जड मानिएको छ । यसबाट शरीर रुग्ण मात्र हुँदैन, बरु मनको शक्ति पनि कुण्ठित हुन्छ, जसको कारण व्यक्ति आर्थिकरूपले पनि दरिद्रता एवं अभावमा बाँच्नको लागि अभिशप्त हुन्छ ।

आलस्यको कारणले नै व्यक्तिले आलटाल गरिरहन्छ । आज होइन भोलि गर्छौं । यस भोलिको बहानामा हाम्रो थुप्रै समय खेर जान्छ । स्वेट मार्डनको शब्दमा इतिहासको पृष्ठमा भोलिको धारामा कतिऔं प्रतिभावान्का घाँटी रेटिए, कतिऔंका योजना अधुरा रहे । थुप्रैजनाको निश्चय त्यत्तिकै खेर गयो । धेरैजना पछताए र हात मलिरहे । भोलि-असमर्थता र आलस्यको द्योतक हो; जबकि आज अहिले वर्तमानमा सक्रिय जीवनको जीवन्तताको प्रतीक हो । सन्त कबीरको मन्त्र पनि अनुकरणीय छ-

काल्ह करै सो आज करु, आज करै सो अब्व ।
पल मे परलै होयगी, बहुरि करैगा कब्ब ॥

समयको पूरा लाभ उठाउनको लागि आवश्यक छ कि एक समयमा एउटै काम गर्नुपर्छ । जो व्यक्ति एकै समयमा थुप्रै काम गर्न चाहन्छ, उसले कुनै पनि काम पूरा गर्न सक्दैन । उसको अमूल्य समय त्यत्तिकै नष्ट हुन्छ र ती अधुरा कामको बोझमा थिचिएर रहन्छ । जुन काम गर्नु छ, स्वयंले नै पूरा गर्नुपर्छ । आफ्नो काम अरूमाथि छोड्नु एक प्रकारले टाल्ने समान हुन्छ ।

सतत् श्रमको साथ थकान स्वाभाविक हो । जब थकाइ लाग्छ, थोरै विश्राम गरौं तर आलस्यलाई प्रश्रय दिनुहुँदैन किनभने यो समयको सबैभन्दा ठूलो शत्रु हो । आलस्यमा अवसर गुम्छ । रस्किनको शब्दमा जसरी फलाम चीसो भएपछि हतौडा हिर्काएर कुनै लाभ हुँदैन, त्यसै प्रकार अवसर गुमेपछि मनुष्यको प्रयत्न पनि व्यर्थ हुन्छ ।

नियमित समयमा काम गर्ने अभ्यास गरौं । यसको बानी परेपछि कार्यमा आनन्द आउन थाल्छ र साथै कार्यक्षमतामा पनि अद्भुत विकास हुन्छ । आफ्नो विषयका अधिकारी ज्ञानीको निचोड छ कि एक घण्टा प्रतिदिन एक विषयमा नियमितरूपले लगाउने व्यक्ति विषयको उद्भट विद्वान् बन्न सक्छ, ठूलो योग्यता हासिल गर्छ । यसको लागि समय बर्बाद गर्ने मित्र, कामचोरहरूलाई टाढैबाट नमस्कार गर्नुपर्छ । यसलाई समयको दुश्मन मानेर हिंड्नुपर्छ । यस सन्दर्भमा स्मार्टफोनको मायावी अवरोधबाट पनि सावधान रहनु आवश्यक छ ।

जब हामी कोभिड-१९ महामारीको विषम परिस्थितिमा थियौं, मानिस घरमा एक प्रकारले कैद भएका थिए । धेरैले 'बोर' अनुभव गरे । यदि समयको सदुपयोग गर्थ्यौं भने यो क्षण वरदान बन्न सक्थ्यो । यस दौरान थुप्रै काम टुङ्ग्याउन सक्थ्यौं । विद्यार्थी एवं शिक्षकले नयाँ भाषा सिक्न सक्थे । आफ्नो प्रविधि कौशलमा वृद्धि गर्न सक्थे । आफ्नो सञ्चार-कौशललाई निखार्न सक्थे । आफ्नो रुचिअनुरुप नयाँ अध्ययन गर्दै आफ्नो ज्ञानको भण्डारलाई बढाउन सक्थे । स्वास्थ्य संवर्द्धनको न्यूनतम कार्यक्रम यसमा जोड्न सक्थे । स्वाध्याय-साधनालाई धार दिन सकिन्थ्यो । समयाभावको कारण अवरुद्ध परेको कार्यलाई गति दिन सक्थे । परिवारजनलाई उचित समय दिएर उनीहरूसँग उत्कृष्ट समय बिताउन सकिन्थ्यो । वास्तवमा हेर्दा त्यो क्षण हाम्रो परीक्षाको थियो कि हामी समय-सम्पदाको महत्त्व कति बुझ्छौं र यसको कति सदुपयोग गर्न सक्छौं ।

# आगामी बजेटका अपेक्षा र यथार्थ

**समयान्तर**



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**कतिपय देशले घाटाको बजेट बनाएर पनि विकासमा नमूना काम गरेका छन् । दाताबाट लिएको यस्तो रकम ठीक ठाउँमा सदुपयोग हुने हो भने घाटाको बजेटमा ऋण लिएर पनि उदाहरणीय काम गर्न सकिन्छ । हामीकहाँ भने वैदेशिक ऋणमा समेत भ्रष्टाचार गर्ने आत्मघाती प्रवृत्ति अर्थतन्त्रका लागि समस्या बनेर उभिएको छ ।**

सरकार आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट बनाउने चटारोमा छ । आगामी वर्षको बजेटप्रति सरोकारका क्षेत्रको विशेष चासो छ । अर्थतन्त्र सकसमा बल्झिएको तथ्यबीच आगामी वर्षको बजेटले निकासको बाटो पहिल्याउन के कस्ता योजना ल्याउँछ भन्नेमा बढी रुचि हुनु स्वाभाविक पनि हो ।

विगतका बजेट हेर्दा सरकार अर्थतन्त्रका समस्या समाधान गर्ने भनेर व्यापार नियन्त्रणका उपायमा उत्रिने, तर बजेटमा लोकरिझ्याइका कार्यक्रम राखेर बजेटलाई हावा भरिएको बेलुनजस्तो बनाउन उद्यत देखिएको भान हुन्छ । सङ्कटलाई अघि सारेर व्यापार नियन्त्रणमा उत्रिराख्दा त्यही सरकारले ल्याएको बजेटका कार्यक्रममा कहींकतै सङ्कटको सङ्केतसमेत नदेखिनु बजेट निर्माताका ज्ञानको कमी पक्कै होइन होला, जनतालाई क्षणिक आश्वासनको खुशी दिने नेतृत्वको दबावको परिणाम हुन सक्छ ।

विगत केही वर्षयताको बजेट हेर्‍यौं भने पहिला आकर्षक नारा र योजनासहितको ठूलो आकारको बजेट ल्याउने, तर छ महिना नबित्दै समीक्षामा आम्दानी र खर्चदेखि अर्थतन्त्र विस्तारको अनुमानसमेत घटाउने प्रवृत्ति देखिएको छ । यो आलोकाँचो कामको पुनरावृत्ति बर्सेनि भइआएको छ ।

लोकरिझ्याइका कार्यक्रम राख्ने प्रतिस्पर्धाले बजेटको आकार ठूलो हुने गरेको छ । सरकारले जनतालाई तत्काल सुन्दा खुशी लाग्नेभन्दा पनि दीर्घकालीन सुखका आधारसहितको योजना ल्याउनुपर्छ । बजेट भनेको केवल सरकारको एक वर्षीय आय र व्ययको विवरण मात्र होइन, यो त सरकारले लिएका दीर्घकालीन विकास योजनाको आधार पनि हो । विकास लक्ष्यलाई भेटाउने गरी बजेटमा कार्यक्रम समेटनुपर्छ ।

कोरोना महामारीयता विश्वकै अर्थतन्त्र मन्दी उन्मुख भइरहेको छ । यो अवस्थामा सरकारले आकर्षक शब्दावलीसहितको कर्णप्रिय बजेट होइन, यथार्थमा आधारित योजना ल्याउनुपर्छ । उत्पादन र रोजगार बढाउने बजेटको मूल उद्देश्य हुनुपर्छ । व्यापार घाटा हाम्रो आर्थिक असन्तुलनको मूल समस्या हो । तर यसलाई कसरी सही बाटोमा ल्याउने ? त्यो चुनौतीको विषय हो । यस्ता विषयमा सरकार आवश्यकता जति गम्भीर नभएको भान हुन्छ ।

उदाहरणको रूपमा केहीअघि सरकारले विदेशी मुद्राको असन्तुलन समाधान गर्न आयात नियन्त्रणको नीति लियो, त्यसलाई लिन सकिन्छ । त्यसको परिणाम के भयो त ? नियन्त्रण अपनाइएकामध्ये सवारीसाधनबाहेक सबैजसो उत्पादन बजारमा छयाप्छ्याप्ती भेटिन्थ्ये । सवारीसाधनको अवैध आयात लुकाउन नसकिने भएकोले मात्र नियन्त्रणमा आयो । तर अन्य उत्पादनको अनधिकृत आयात बढ्यो । सरकारको राजस्व खुम्चियो । सरकारले यो तथ्य स्वीकार गर्दै प्रतिबन्ध फुकुवा गर्‍यो । यतिबेलासम्म बजार र माग शिथिल भइसकेको थियो । अहिले पनि बजार लयमा आउन सकेको छैन ।

अर्थतन्त्र उकास्ने अचूक उपाय आयात नियन्त्रण होइन भन्ने तथ्यलाई सरकारले नबुझेको पक्कै होइन, बुझ पचाएको हो । सरकार किन यस्ता सरोकारका विषयमा उदासीन हुन्छ ? स्पष्ट छ, सरकारको नेतृत्वमा रहेकाहरू काम गर्न चाहँदैनन्, बरु केही नगरी (ठप्प पारेर) समस्याको टालटुले समाधान खोज्छन् । सरकारी कदममा कुनै तर्क हुँदैन, न तथ्य नै हुन्छ । यसले दीर्घकालीन परिणाम दिँदैन । बजारमा अस्थिरता र अराजकतालाई निम्तो दिन्छ ।

कोरोनाकाललाई नै स्मरण गरौं, कोरोना कसरी नियन्त्रण गर्ने ? सरकारसँग कुनै योजना र तयारी थिएन । भारतको सिको गर्दै लकडाउन लागू गर्ने र हटाउने काम मात्र भयो । जनताको जीवनरक्षाको नाममा उपचार सामग्री र औषधिमा भ्रष्टाचारका फेहरिस्तहरू सतहमै प्रकट भए । कोरोना नियन्त्रणमा आएर सरकारले लकडाउन/निषेधाज्ञा हटाएको थिएन, सरकारी राजस्व भेन्टिलेटरमा जाने अवस्था आएपछि लकडाउन खोलिएको थियो ।

अहिलेको अर्को ज्वलन्त विषय हो, उच्च ब्याजदर । लगानीयोग्य रकम (तरलता) अभाव ब्याजदरसँगै जोडिएर आउने सरोकार हो । र यो अहिले उत्पन्न भएको समस्या मात्र होइन । हो, कोरोना महामारीयता देखिएको मन्दी र यसैबीचमा नियामक निकायले लिएको कसिकसाउ नीतिले सङ्कटको आकार अलि बढी देखिएको चाहिं पक्कै हो । विगतमा पनि कर्जामा १५/१६ प्रतिशतसम्म ब्याजदर पुगेकै हो । व्यापारीले बैंकबाट लिएको ऋणमा चालू पूँजी कर्जा मार्गदर्शनले कसिएको छ । तर त्यो अवस्था किन आयो ? त्यसमा जान आवश्यक ठानिएको छैन ।

सरकारले उधारो कारोबारलाई नियन्त्रण गर्ने हो भने एउटा उद्देश्यको रकम अन्त दुरुपयोगको समस्या समाधान मात्रै हुँदैन, बैंकमा तरलता फालफाल हुन्छ । कसैले कर्जामा ब्याजदर घटाउ भन्ने पर्दैन ? स्वतः घटेर जान्छ । अहिले छ महीनासम्म उधारोमा चल्ने व्यापारका लागि उद्यमीले चाहिनेभन्दा ४/५ गुणा बढी ऋण लिने अवस्था छ । यो चक्रलाई उधारो असुलीसम्बन्धी कानून बनाएर यो उधारो चक्रलाई एक महीनामा झार्ने हो कर्जाको माग स्वतः घट्छ । एक महीनाभन्दा बढीको उधारो लेनदेन गर्न नपाउने कानून आउनेबित्तिकै चालू पूँजी कर्जाले व्यवस्था गरेको २५ प्रतिशतको सीमा पर्याप्त हुन सक्छ । अतः आगामी वर्षको बजेटले यसमा नीतिगत व्यवस्था गर्नुपर्छ ।

तरलता अभावको मुख्य कारणको रूपमा सरकारको खर्च क्षमतालाई अघि सार्ने गरिएको छ । तर यो पूर्ण सत्य होइन । सरकारी बजेटलाई हेर्‍यौं भने साधारण खर्च र राजस्व आयको आकार बराबरजस्तै हुन्छ । विगतमा राजस्व आयले साधारण खर्च धानेको थियो । अहिलेको खर्चको तुलनामा राजस्व आधा पनि छैन । यो अवस्थामा विकास बजेट कहाँबाट आउने र खर्च हुने ? विकास बजेटको स्रोत भनेको अनुदान कि ऋण हो । विश्व नै आर्थिक मन्दीमा गएको बेला दाताको आस त गर्न पाइएला, भरपर्ने अवस्था रहन्न ।

कतिपय देशले घाटाको बजेट बनाएर पनि विकासमा नमूना काम गरेका छन् । दाताबाट लिएको यस्तो रकम ठीक ठाउँमा सदुपयोग हुने हो भने घाटाको बजेटमा ऋण लिएर पनि उदाहरणीय काम गर्न सकिन्छ । हामीकहाँ भने वैदेशिक ऋणमा समेत भ्रष्टाचार गर्ने आत्मघाती प्रवृत्ति अर्थतन्त्रका लागि समस्या बनेर उभिएको छ । ठूला योजना नेतादेखि कर्मचारीसमेतको कमिशनसहित ठूलो आकारको ऋणले थिचिने र त्यस्तो ऋण तिर्न नसकेर दाताको रुचिका अघिलतिर लम्पसार पर्ने अवस्था नआओस्, अहिलेका लागि यति मात्रै आस गर्न सकिन्छ ।

सरकारले विकास योजनामा बजेट खर्च गर्न नसकेको होइन । बजेट नै नभएर खर्च नभएको हो । स्रोत व्यवस्थापन हुनै नसक्ने योजना राखेर भएको सानोतिनो रकम तानतुन गरेर छर्ने अभ्यास नै हामीकहाँ विकासको मूल अवरोध हो । अतः आगामी बजेटले आर्थिक सम्भाव्यता भएका योजना मात्र अघि बढाएर समयसीमाभित्रै पूरा गर्नेगरी नीति लिनुपर्छ । अन्यथा, शीर्षस्थ नेताका क्षेत्रमुखी योजनाको चाङको अर्थ छैन, न व्यावसायिक सम्भाव्यता नै नभएका योजनाहरूको औचित्य छ ।

अहिले निर्वाचनमार्फत नयाँ सरकार आएको र अर्थ मन्त्रालयको नेतृत्वमा फरक वैचारिक पृष्ठभूमिका नेता पुगेकाले बजेटमा केही नयाँपनको अपेक्षा गर्न त सकिएला, तर ढुक्क हुने भरपर्दो आधार भने प्रकट भएको छैन । वर्तमान अर्थमन्त्रीमा अर्थतन्त्रबारे ज्ञानको कमी र विगतमा परराष्ट्रमन्त्री हुँदा बनेको विवादास्पद छविका कारण आगामी वर्षको बजेट अपेक्षित हुनेमा आशङ्काको सुविधा छ ।

तथापि, कुनै पनि मन्त्रालय अनुभवी कर्मचारीको दक्षता र विज्ञहरूको सल्लाहमा चल्ने भएकोले त्यसको नेतृत्व कस्तो छ भन्दा पनि प्रतिफलमा सामूहिक कामको प्रभावकारिता बढी हुन्छ । यस अर्थमा सरकारले आगामी वर्षको बजेट लोकप्रियताको लागि नभएर यथार्थ आवश्यकतामा आधारित ल्याउने आग्रह अन्यथा होइन ।

# एमसिए-नेपालको प्रसारण लाइनले बस्ती प्रभावित

त्रिशूली, ९ वैशाख/रासस

मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (एमसिए-नेपाल)मार्फत काठमाडौंको लप्सेफेदीबाट नुवाकोटको रातमाटे हुँदै हेटौंडा र तनहुँतर्फ लैजाने प्रसारण लाइन विस्तारले प्रभावित बन्ने बस्तीको प्रारम्भिक सूची प्रकाशित भएको छ ।

मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी)मार्फत निर्माण गर्न लागिएको प्रसारण लाइनका लागि गाड्नुपर्ने खम्बा र विस्तार गरिने तारको दायाँबायाँतर्फ प्रभावित बनाउने बस्तीको प्रारम्भिक सूची प्रकाशन गरिएको 'प्रारम्भिक कारबाही अधिकृत' हरिकृष्ण उप्रेतीले जानकारी दिए ।

उनका अनुसार अमेरिकी सहयोग अनुदान अन्तर्गतको एमसिसीमार्फत निर्माण गर्न लागिएको आयोजनाको नेपालको सरकारी निकाय एमसिए-नेपालमार्फत प्रसारण लाइन निर्माणको क्रममा प्रभावित हुने बस्तीको विवरण सार्वजनिक गरिएको हो । प्रकाशित सूची अनुसार नुवाकोटको बेलकोटगढी नगरपालिकासहित शिवपुरी, पञ्चकन्या, लिखु र तारकेश्वर गाउँपालिकाका १८ वटा वडाका ५० वटा बस्ती प्रत्यक्ष प्रभावित हुने उल्लेख छ ।

"काठमाडौंको लप्सेफेदीबाट नुवाकोटको रातमाटे (बेलकोटगढी-७) सम्म चार सय केभी डबल सर्किटको प्रसारण ल्याइनका क्रममा निर्माण गरिने खम्बा र प्रसारण लाइनको दायाँबायाँ क्षेत्रमा प्रभावित बनाउने प्रारम्भिक बस्तीको विवरण सार्वजनिक गरिएको हो ।"

प्रारम्भिक कारबाही अधिकृत उप्रेतीले भने, "रातमाटे (सबस्टेशन)बाट एक लाइन नुवाकोटको कोल्पुटार (बेलकोटगढी-५) हुँदै हेटौंडातर्फ र अर्को लाइन नुवाकोटको ताल्का (तारकेश्वर-२) हुँदै धादिङबाट तनहुँ पुग्याएर त्यहाँबाट बुटवल लैजान प्रसारण लाइन निर्माण गर्न लागिएको छ ।"

प्रसारण लाइन विस्तारका क्रममा आवश्यक पर्ने जग्गाको जग्गाधनीलाई खम्बा गाड्ने ठाउँको मुआवजा र प्रसारण

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## प्रधानमन्त्री सहभागी हुने कार्यक्रममा आत्मघाती हमलाको धम्की


तस्वीरः एजेन्सी

नयाँ दिल्ली, ९ वैशाख/पिटिआई

प्रधानमन्त्री नरेन्द्र मोदीको यही वैशाख ११ गते दक्षिणी राज्य केरलामा हुने सार्वजनिक कार्यक्रममा आत्मघाती आक्रमण गर्ने धम्कीयुक्त पत्र आएपछि राज्यभर उच्च सुरक्षा सतर्कता अपनाइएको छ।

आगामी सोमवार प्रधानमन्त्री मोदीको कोची कार्यक्रममा आत्मघाती आक्रमण गर्ने धम्कीयुक्त पत्र भारतीय जनता पार्टी (भाजपा)को प्रदेश कार्यालयलाई प्राप्त भएको अधिकारीहरूले बताएका छन्। पत्र प्रेषकको नाम र अन्य विवरण पनि त्यसमा भएकाले सुरक्षाकर्मीले निजलाई पहिचान गरिसकेको बताएका छन्।

विपक्षीहरूले आफूलाई फसाउन आफ्नो नाम प्रयोग गरेको दाबी गर्दै ती आरोपित व्यक्तिले आफूले कुनै पत्र नलेखेको दोहोऱ्याएका छन्। केन्द्रीय अनुसन्धान निकायका अधिकारीले अनुसन्धान जारी राखेका तथा थप विवरण खोजिरहेका छन्।

भाजपाका राज्यप्रमुख के सुरेन्द्रनले प्रधानमन्त्री मोदीका निर्धारित सबै कार्यक्रम हुने बताएका छन्। उनी सोमवार कोच्चीका कार्यक्रममा सहभागी भएर भोलिपल्ट तिरुवनन्तपुरममा वन्दे भारत एक्सप्रेसको उद्घाटन गर्ने र जनसभालाई सम्बोधन गर्ने कार्यक्रम रहेको राज्यप्रमुख सुरेन्द्रनले जानकारी दिएका छन्।

"प्रधानमन्त्री मोदीको केरला भ्रमणले राज्यको विकासलाई गति दिनेछ। राज्यका जनतामा ठूलो उत्साह र अपेक्षा छ। भ्रमणबाट केरलामा राजनीतिक परिवर्तन प्रारम्भ हुनेछ। पार्टी राजनीतिभन्दा माथि केरलाको विकास चाहनेहरू प्रधानमन्त्री मोदीका कार्यक्रममा सहभागी हुनेछन्," पत्रकारमाझ राज्यप्रमुख सुरेन्द्रनले भनेका छन्।

यसैबीच, प्रहरी अतिरिक्त महानिर्देशकले सुरक्षा व्यवस्थाबारे उच्च निकायलाई लेखेको गोप्यपत्र सञ्चारमाध्यमबाट सार्वजनिक भएकामा सत्तारूढ दलका नेताहरूले चिन्ता व्यक्त गरेका छन्। केरला निवासी विदेश राज्यमन्त्री एम मुरलीधरनले सुरक्षा निकायको गोप्यपत्र सार्वजनिक हुनुलाई प्रहरीको गम्भीर त्रुटि भनेका छन्। रासस

## स्वतन्त्र ताइवानको समर्थन गर्ने सङ्गठनविरुद्ध कारबाही

बेइजिङ, ९ वैशाख/सिन्हवा

चीनले ताइवानको स्वतन्त्रताको वकालत गर्ने सङ्गठनहरूविरुद्ध दण्डात्मक कारबाही थालेको छ।

ताइवानी सङ्गठन प्रस्पेक्ट फाउन्डेशन र एशियन लिबरल एन्ड डेमोक्र्याटिक काउन्सिलविरुद्ध बेइजिङले दण्डात्मक कारबाहीको घोषणा गरेको हो। दुवै सङ्गठनलाई मुख्यभूमिका सङ्गठन वा व्यक्तिसँग सहकार्यमा प्रतिबन्ध लगाइएको छ।

अब ती सङ्गठनले मुख्यभूमिका साथै हङकङ र मकाउ विशेष प्रशासनिक क्षेत्रमा पनि प्रवेश पाउनेछैनन्। मुख्यभूमिका सङ्घसंस्थालाई पनि प्रस्पेक्ट फाउन्डेशन र एशियन लिबरल एन्ड डेमोक्र्याटिक काउन्सिलसँग सहकार्य नगर्न आदेश दिइएको छ।

ताइवान मामिलासम्बन्धी चीनको राज्यपरिषद् कार्यालयले ती दुई सङ्गठनले लोकतन्त्र, शैक्षिक आदानप्रदान, कार्यशाला तथा सहयोगको बहानामा गैरकानूनी काम गरेकाले कारबाही गरिएको जनाएको छ। उक्त कार्यालयका प्रवक्ता झु फेङलियानले ती संस्था चीनविरोधी शक्तिसँग मिलेर सङ्गठन विस्तारमा लागेका तथा एक चीन सिद्धान्तको उल्लङ्घनमा लागेकाले कारबाही गरिएको बताएका छन्।

आफ्नै संविधान र सरकार भएको ताइवान एक स्वशासित टापु हो। सन् १९४९ को गृहयुद्धपछि चीनबाट अलग भएको स्वतन्त्र ताइवानलाई आफ्नो अविभाज्य भूमिका रूपमा दाबी गर्दै बेइजिङले आवश्यक परेमा बल प्रयोग गरेर मुख्यभूमिमा गाभ्न सक्ने चेतावनी दिँदै आएको छ। रासस

### ताइवान मामिलामा फिलिपिन्सको चिन्ता



फिलिपिन्सले ताइवान मामिलालाई लिएर चिन्ता व्यक्त गरेको छ। ताइवाननजीकको जल क्षेत्रमा बढेको तनावलाई लिएर फिलिपिन्सले चिन्ता व्यक्त गरेको हो।

फिलिपिन्सका विदेशमन्त्री एनरिके मनालोले आफ्ना चिनियाँ समकक्षी छिन गङसँगको भेटमा दुवै देशले दक्षिण चीन सागरमा आपसी विवाद व्यवस्थापन गर्दै आर्थिक सम्बन्धलाई अझ सुदृढ बनाउनेबारेमा छलफल गरेको विदेश मन्त्रालयले जनाएको छ।

मन्त्रालयले शनिवार जारी गरेको विज्ञप्ति अनुसार एक चीन नीतिप्रति फिलिपिन्स प्रतिबद्ध रहेको बताउँदै विदेशमन्त्री मनालोले ताइवाननजीकको जल क्षेत्रमा बढेको तनावलाई लिएर चिन्ता व्यक्त गरेका हुन्।

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहन १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

## बन्दरगाहमा व्यापारिक केन्द्र निर्माण गरिँदै

कोलम्बो, ९ वैशाख/सिन्हवा

श्रीलङ्काको बन्दरगाहमा व्यापारिक केन्द्र निर्माण हुने भएको छ।

श्रीलङ्का बन्दरगाह प्राधिकरण, स्थानीय सिभिल इन्जिनीयरिङ इन्टरप्राइज र चाइना पोर्ट होल्डिङस्ले संयुक्तरूपमा व्यावसायिक केन्द्र निर्माण गर्नेसम्बन्धी सम्झौतामा हस्ताक्षर गरेका छन्।

शुक्रवार गरिएको सम्झौता अनुसार कोलम्बो बन्दरगाहलाई आर्थिक गतिविधिका निम्ति आवश्यक पर्ने सबै भौतिक संरचनासहित दक्षिण एशियाकै प्रतिष्ठित एवं प्रतिस्पर्धी बन्दरगाहका रूपमा विकास गरिनेछ।

३९ करोड २० लाख अमेरिकी डलरको उक्त परियोजना पूरा भएपछि श्रीलङ्कको आर्थिक उन्नयनमा थप योगदान हुनेछ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – अतिथिआगमन | वृष – सुयश |
| मिथुन – बेचैनी | कर्कट – धनलाभ |
| सिंह – सफलता | कन्या – राज्यलाभ |
| तुला – रोगभय | वृश्चिक – यात्रालाभ |
| धनु – कडाश्रम | मकर – सुसमाचार |
| कुम्भ – उदरपीडा | मीन – विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया




# वाणिज्य बैंकहरूको नाफा करीब ११ प्रतिशतले बढ्यो

काठमाडौं, ९ वैशाख/रासस

चालू आर्थिक वर्ष २०७९/८० को तेस्रो त्रैमासिक अवधिसम्ममा वाणिज्य बैंकहरूको नाफा रु ४८ अर्ब ३७ करोड बराबर पुगेको छ। वाणिज्य बैंकहरूले सार्वजनिक गरेको तेस्रो त्रैमासको अपरिष्कृत वित्तीय विवरण अनुसार गत वर्ष चैतसम्मको तुलनामा चालू आर्थिक वर्षको सोही अवधिमा वाणिज्य बैंकहरूको नाफा १० दशमलव ९२ प्रतिशत बराबरले बढेको छ।

गत वर्षको तुलनामा १४ वटा वाणिज्य बैंकको नाफा बढेको छ भने सातवटाको घटेको छ। गत वर्ष तेस्रो त्रैमाससम्ममा वाणिज्य बैंकहरूले रु ४३ अर्ब ४१ करोड बराबर नाफा कमाएका थिए। गत आर्थिक वर्षको चैत मसान्तसम्ममा गरेको कुल नाफाको तुलनामा यस वर्षको सोही अवधिमा सबैभन्दा धेरै नाफा गर्नेमा एभरेस्ट बैंक देखिएको छ।

एभरेस्ट बैंकले गत वर्षको तुलनामा ६२ दशमलव ६२ प्रतिशतले नाफा बढाएर चैत मसान्तसम्ममा रु दुई अर्ब ४६ करोड बराबर पुऱ्याएको छ। त्यस्तै, स्टान्डर्ड चार्टर्ड बैंकले गत वर्षको तुलनामा ६० दशमलव २५ प्रतिशतले नाफा बढाएर रु दुई अर्ब ६१ करोड बराबर पुऱ्याएको छ।

रकमका आधारमा नबिल बैंकको नाफा बढी छ। यस बैंकको नाफा गत वर्षको तुलनामा यस वर्ष ५२ दशमलव ६३ प्रतिशतले बढेर रु पाँच अर्ब ११ करोड पुगेको छ। रकमका आधारमा बढी नाफा कमाउने बैंकमा ग्लोबल आइएमई बैंक दोस्रो र एनआइसी एशिया बैंक तेस्रो स्थानमा छन्। ग्लोबल आइएमई बैंकले गत वर्षको तुलनामा आफ्नो नाफा १६ दशमलव ९६ प्रतिशतले बढाएर रु चार अर्ब ३५ करोड पुऱ्याएको छ भने एनआइसीले ११ दशमलव ३८ प्रतिशतले बढाएर रु चार अर्ब एक करोड पुऱ्याएको छ।

धेरै नाफा कमाउने बैंकहरूको सूचीमा राष्ट्रिय वाणिज्य बैंक चौथो स्थानमा छ। सो बैंकले गत वर्षको तेस्रो त्रैमासको तुलनामा यो वर्ष ३६ दशमलव ६९ प्रतिशतले नाफा बढाएर रु तीन अर्ब ५७ करोड पुऱ्याएको हो। त्यस्तै, नेपाल इन्भेस्टमेन्ट मेगा बैंकले यो अवधिमा रु तीन अर्ब चार करोड बराबर नाफा कमाएको छ। यो गत वर्षको तेस्रो त्रैमासको तुलनामा २२ दशमलव ९६ प्रतिशतले बढी हो।

लक्ष्मी बैंकले गत वर्षको तुलनामा आफ्नो नाफा ४७ दशमलव ३१ प्रतिशतले बढाएर रु एक अर्ब १६ करोड पुऱ्याएको छ भने नेपाल एसबिआई बैंकले ३८ दशमलव ७१ प्रतिशतले नाफा बढाएर चैतसम्म रु एक अर्ब ८० करोड पुऱ्याएको छ। त्यस्तै, प्रभु बैंकले आफ्नो नाफा ११ दशमलव ५१ प्रतिशतले बढाएको छ। चैत मसान्तसम्ममा प्रभुले रु एक अर्ब ९५ करोड बराबर नाफा कमाएको हो।

सानिमा बैंकको नाफा सात दशमलव ४७ प्रतिशतले बढेको छ। यो अवधिमा सानिमाको नाफा रु एक अर्ब ७१ करोड बराबर छ। हिमालयन बैंकको नाफा वृद्धिदर एक दशमलव ४४ प्रतिशतमा खुम्चिएको छ। हिमालयले चैत मसान्तसम्ममा रु एक अर्ब ४१ करोड नाफा कमाएको हो। कुमारी बैंकको नाफा वृद्धिदर शून्य दशमलव ९७ र एनएमबी बैंकको वृद्धिदर शून्य दशमलव ६४ प्रतिशत बराबर छ। कुमारी बैंकले रु एक अर्ब ८२ करोड बराबर नाफा कमाउँदा एनएमबीले रु दुई अर्ब ६८ करोड नाफा कमाएको छ।

गत वर्षको तुलनामा नाफा घट्नेमा कृषि विकास बैंक अग्रस्थानमा देखिएको छ। कृषि विकास बैंकले गत आर्थिक वर्षको तेस्रो त्रैमासको तुलनामा चालू आवको सोही अवधिमा ४५ दशमलव ३६ प्रतिशतले नाफा घटेको छ। गत वर्ष चैतसम्ममा रु एक अर्ब ९० करोड नाफा कमाएको बैंकको यस वर्षको नाफा भने रु एक अर्ब चार करोडमा खुम्चिएको छ।

सिद्धार्थ बैंक लिमिटेडको पनि गत वर्षको तुलनामा नाफा घटेको छ। अघिल्लो चैत मसान्तसम्ममा रु दुई अर्ब आठ करोड बराबर नाफा कमाएको बैंकले यस वर्ष भने नाफा २८ दशमलव ६५ प्रतिशतले घटेर रु एक अर्ब ४९ करोडमा कायम भएको छ।

सिटिजन्स बैंकको नाफा गत वर्षको तुलनामा २२ दशमलव २४ प्रतिशतले घटेर रु एक अर्ब २३ करोड बराबर छ। त्यस्तै, नेपाल बैंक लिमिटेडको नाफा १८ दशमलव ७२ प्रतिशतले घटेर रु एक अर्ब ७८ करोड बराबर छ। माछापुच्छ्रे बैंकको नाफा अघिल्लो वर्षको तेस्रो त्रैमाससम्ममा रु एक अर्ब ५५ करोड बराबर रहेकोमा १२ दशमलव ८८ प्रतिशतले घटेर रु एक अर्ब ३५ करोड बराबर छ। प्राइम कमर्सियल बैंक र सनराइज बैंकको नाफा गत वर्षको तुलनामा यस वर्ष क्रमशः नौ दशमलव ३५ र आठ दशमलव ३३ प्रतिशतले घटेको छ। चैत मसान्तसम्ममा प्राइमले रु दुई अर्ब ४६ करोड र सनराइजले रु एक अर्ब १७ करोड बराबर नाफा कमाएको छ।

### बढ्यो निष्क्रिय कर्जा

वाणिज्य बैंकहरूको चालू आवको तेस्रो त्रैमासिक अवधिको वित्तीय विवरण हेर्दा गत वर्षको तुलनामा निष्क्रिय कर्जा बढेको छ। साँवा–ब्याज उठ्न समस्या भएपछि बैंकहरूको निष्क्रिय कर्जा बढेको छ भने निष्क्रिय कर्जा बढ्दा बैंकको वित्तीय विवरणमा पनि त्यसको असर देखिएको छ।

गत आवको चैत मसान्तसम्ममा एक दशमलव २१ प्रतिशत बराबर रहेको बैंकहरूको निष्क्रिय कर्जा चालू आवको सोही अवधिमा तीन दशमलव ४८ प्रतिशत बराबर पुगेको छ। सबैभन्दा धेरै निष्क्रिय कर्जा भएका बैंकहरूमा हिमालयन बैंकको चार दशमलव ५६, कृषि विकास बैंकको चार दशमलव ३५ र नेपाल बैंक लिमिटेडको चार दशमलव १६ रहेको छ।

सिटिजन्स बैंकको तीन दशमलव ९८, कुमारी बैंकको तीन दशमलव ९७, सिद्धार्थ बैंकको तीन दशमलव ९५, नेपाल इन्भेस्टमेन्ट मेगा बैंकको तीन दशमलव ९४, नबिल बैंकको तीन दशमलव ८७, प्रभु बैंकको तीन दशमलव ४८, राष्ट्रिय वाणिज्य बैंकको तीन दशमलव ८८, ग्लोबल आइएमईको तीन दशमलव ९६, सनराइज बैंकको तीन दशमलव ६२ र प्राइम कमर्सियल बैंकको तीन दशमलव ०६ प्रतिशत बराबर रहेको छ।

एनएमबी बैंकको निष्क्रिय कर्जा दुई दशमलव ९६, सानिमा बैंकको दुई दशमलव २७, माछापुच्छ्रेको दुई दशमलव ३७ र लक्ष्मी बैंकको एक दशमलव ८२ रहेको छ। नेपाल एसबिआई बैंकले शून्य दशमलव ९७, एनआइसी एशिया बैंकले शून्य दशमलव ८५, स्टान्डर्ड चार्टर्ड बैंकले शून्य दशमलव नौ र एभरेस्ट बैंकले शून्य दशमलव सात प्रतिशतमा निष्क्रिय कर्जा कायम राखेका छन्।

## व्यावसायिक आचार बनाउने तालीम सम्पन्न

प्रस, पोखरिया, ९ वैशाख/

स्वरोजगार लघुवित्त वित्तीय संस्था, पोखरियाको आयोजनामा कालिकामाई गाउँपालिका वडा नं २ मा व्यावसायिक आचार बनाउने दुई दिने तालीम शनिवार सम्पन्न भएको छ।

तालीममा मिक्स अचार बनाउने तरीका र बजारीकरणबारे जानकारी गराइएको थियो।

महिला समूह सदस्य सन्ध्यादेवीको अध्यक्षतामा भएको तालीममा प्रमुख अतिथि वडाध्यक्ष सोनालाल चौरसिया, अनुगमन अधिकृत राम रोका, शाखा प्रमुख कुस्माखर अधिकारीलगायतले मन्तव्य व्यक्त गरेका थिए।

तालीममा दुर्गा थापा कार्कीले प्रशिक्षण दिएकी थिइन्।



### धोबिनी गाउँपालिका ...

अध्यक्ष अब्बास मियाँ चुडिहारले बताए। अध्यक्ष चौहानले राजनीतिक प्रतिशोध साँध्ने मनसायका साथ करारका १५ जना कर्मचारीलाई एकल निर्णयले हटाएको वडाध्यक्ष चुडिहारको आरोप छ। "बोर्डबाट निर्णय नै नगरी अध्यक्षज्यूले एकलौटीरूपमा आफ्ना नजीकका मान्छेलाई राखेर १५ जना करारका कर्मचारीलाई हटाउनुभयो," उनलेले भने, "यति मात्रै हैन, उहाँ कार्यालयमा नआएको पनि एक महीना भइसक्यो, सबै कामकाज प्रभावित हुँदा जनतालाई समस्या भएको छ।"

गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र लेखापाल धनञ्जय दास समयमै कार्यालय नआए आन्दोलन अझै चर्काउने कार्यपालिका सदस्य दिनेश कलवारको चेतावनी छ। उपाध्यक्ष मञ्जु देवीको नेतृत्वमा १० जना कार्यपालिका सदस्यले तालाबन्दी गरेका हुन्। आफू अल्पमतमा परेको दुःखेसो पोख्दै गाउँपालिका अध्यक्ष चौहानले जे गरे पनि विरोध गरिरहेको प्रतिक्रिया दिए। उनले आफू एक महीनादेखि कार्यालय नगएको आरोप निराधार भएको बताए। "गाउँपालिका अध्यक्षको काम बिहान १० देखि साँझ ५ बजेसम्म कार्यालयमैं बस्ने होइन, म समय मिलाएर गइरहन्छु, म गएको बेला उहाँले देख्नुभएको छैन होला। एक महीनासम्म नगएको भन्ने आरोप निराधार हो," उनले भने।

प्रमुख प्रशासकीय अधिकृतसँगको मिलेमतोमा भ्रष्टाचार गरेको भन्ने आरोपलाई प्रमाणसहित प्रमाणित गर्न अध्यक्ष चौहानले चुनौती दिए।

### एमसिए–नेपाल ...

लाइनको दायाँबायाँ २३–२३ मिटर दूरीसम्म क्षतिपूर्ति दिनका लागि प्रभावित हुने बस्तीको सूची सार्वजनिक गरेर सर्वेक्षण शुरू गर्न लागिएको एमसिए–नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्टले जानकारी दिए।

उनका अनुसार नुवाकोटमा करीब ५३ किमी प्रसारण लाइन निर्माणका क्रममा १४७ वटा टावर गाड्नुपर्ने देखिएको छ। उक्त क्रममा जिल्लाका पाँच पालिकाका १८ वटा वडाका ५० वटा बस्ती प्रत्यक्ष प्रभावित हुने देखिएको हो।

"प्रभावित पालिकाको वडा र बस्ती किटान गरेर प्रारम्भिक सूची प्रकाशन भएसँगै अब निजी स्वामित्वको जग्गा सर्भे शुरू गर्न लागिएको छ," कार्यकारी निर्देशक विष्टले भने, "सर्भेका लागि खटिएका प्राविधिक कर्मचारीलाई सहयोग पुऱ्याएर समयमा नै कार्य सम्पन्न गर्नका लागि स्थानीय समुदायको महत्त्वपूर्ण भूमिका रहन्छ।"

उक्त आयोजना अन्तर्गत सबस्टेशन निर्माण र प्रसारण लाइन विस्तारका क्रममा प्रभावित हुने बासिन्दाका लागि एमसिए–नेपालले बेवास्ता गरेको भन्दै यहाँका स्थानीय तह र प्रभावित बासिन्दा भने असन्तुष्ट छन्। सबस्टेशन निर्माणका लागि आवश्यक जग्गा खरीदको काम पूरा भइसकेको छ भने प्रसारण लाइन विस्तारका क्रममा खम्बा गाड्न चाहिने जग्गा खरीद र तार विस्तारबाट प्रभावित हुने क्षेत्रमा दिइने क्षतिपूर्ति निर्धारण बैठकलाई पालिकाहरूले बहिष्कार गर्दै आइरहेका छन्।

# विद्यालय भर्नाका लागि सचेतना र्‍याली

प्रस, पंचगावाँ, ९ वैशाख/

पटेर्वासुगौली गाउँपालिकाको नारासहित जनचेतनामूलक र्‍याली निकालेको पटेर्वासुगौली गापाका प्रमुख शैक्षिकसत्र २०८० को शुरूमैं सबै सामुदायिक विद्यालयमा अध्ययन गर्ने



तस्वीरः प्रतीक

सहयोग, वडा कार्यालयको समन्वय र गादीमाई आधारभूत विद्यालयको आयोजनामा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले पटेर्वासुगौली गापाका सामुदायिक विद्यालयहरूमा उमेर समूहका बालबालिकालाई समयमैं विद्यालयमा ल्याउन विद्यार्थी भर्ना अभियान सञ्चालन गर्न दिएको निर्देशन अनुसार शनिवार सचेतना र्‍याली निकालिएको थियो ।

पटेर्वासुगौली गाउँपालिका–३ पश्चिम देकुलीस्थित गादीमाई आधारभूत विद्यालयले 'समयमैं भर्ना, समयमैं ज्ञानः गुणस्तरीय शिक्षा, सबैको अभियान' प्रशासकीय अधिकृत सन्देशकुमार यादवले बताए । पालिकास्थित २४ वटा सामुदायिक विद्यालयले एक/एक दिन विभिन्न नारा लेखिएका प्लेकार्डसहित र्‍याली निकाल्ने र सो र्‍यालीमा शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा अभिभावकहरूको सहभागिता रहने जनाइएको छ । कुनै पनि बालबालिका नछुट्ने गरी पालिकाले निश्शुल्क भर्ना अभियान सञ्चालन गरेको हो । गापाले विद्यार्थी भर्ना र घरदैलो अभियान राखेको प्रमुख प्रशासकीय अधिकृत यादवले बताए ।

विद्यार्थीलाई निश्शुल्क पाठ्यपुस्तक गापाले उपलब्ध गराएको, भर्ना भएका दलित र छात्रालाई छात्रवृत्ति पालिकाबाट प्रदान गर्ने गापाका प्रशासन शाखा प्रमुख शम्भुप्रसाद साहले बताए ।

वडाध्यक्ष माधवप्रसाद राउत थारूको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष नीलम देवी, शिक्षा शाखा प्रमुख शोलेन्द्र पञ्जियार, वडा सदस्य हैदरअलि अन्सारी, जिन्सी शाखा प्रमुख रामबाबू राय, विद्यालयका निमित्त प्रधानाध्यापक प्रमोद प्रसाद, शिक्षिका चन्द्रकली देवी, कञ्चन चौधरीलगायतको सहभागिता थियो । वडाको नेपाल राष्ट्रिय आधारभूत विद्यालय सोनवर्षा, रामपुर, महेन्द्रपुर, पूर्व देकुली, पश्चिम देकुली गरी चार वटा विद्यालयले एकैसाथ र्‍याली निकालेका थिए ।

**प्रस, पर्सागढी/**

'समयमैं भर्ना समयमैं ज्ञान गुणस्तरीय शिक्षा सबैको अभियान' नारा



लगाउँदै पर्सागढी नगरपालिका वडा नं ३ स्थित जनता माध्यमिक विद्यालय, पकडिया बडनिहारको आयोजनामा शैक्षिक क्षेत्र २०८० को लागि विद्यार्थी भर्ना अभियान शनिवार सम्पन्न भएको छ ।

भर्ना अभियान अन्तर्गत आज पर्सागढी नगरपालिका वडा नं ३ का पकडिया, बडनिहार, कटहरिया, बगवानालगायतका टोलहरूमा विद्यालयमा भर्ना गर्नको लागि र्‍याली निकालिएको थियो ।

र्‍यालीमा प्रधानाध्यापक मोहन चौधरी, वडाध्यक्ष सुकमान तामाङ, वडा सदस्य रामजीवन खाँ, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामायण चौधरी, विद्यालयका शिक्षकहरू नागेश्वर मुखिया, रामकृष्ण चौधरीलगायत विद्यार्थीहरूको सहभागिता थियो ।


## डिप्रेसन गम्भीर प्रकृतिको मानसिक रोग हो।

**यसका लक्षणहरू;**

- दुःखी र निराश हुनु, कुनै कुरामा चाख र ध्यान केन्द्रित नहुनु,
- निन्द्रा धेरै लाग्नु वा नलाग्नु, थकान महसूस हुनु,
- कुनै पनि कुरामा खुशी नहुनु,
- जीवन मूल्यहीन ठान्नु र भविष्यप्रति आशावादी नहुनु,
- आत्महत्यासम्मको विचार आउनु,

**यसबाट बच्न,**

- परिवार, साथीभाइ तथा समाजमा घुलमिल हुने,
- नियमितरूपमा शारीरिक अभ्यास, योग तथा ध्यान गर्ने,
- निश्चित समयमा सुत्ने र उठ्ने,
- स्वस्थ र सन्तुलित खाना खाने,
- धूमपान र मद्यपानजस्ता कुलतबाट टाढा रहने,
- बुबाआमा तथा अभिभावकले बालबालिकालाई समय दिने,
- मानसिक समस्या देखिएमा तुरुन्त स्वास्थ्यकर्मीसँग परामर्श गर्ने ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**








# खेलकूदको संसार

## कोन्हिया नकआउट फूटबल प्रतियोगिता शुरू

प्रस, पर्सागढी, ९ वैशाख/

वीरगंज महानगरपालिका वडा नं ३२ कोन्हियास्थित लक्ष्मीदेवी बाबुलाल हंसवाहिनी माध्यमिक विद्यालयको प्राङ्गणमा कोन्हिया युथ क्लबको आयोजनामा शनिवारदेखि कोन्हिया नकआउट फूटबल प्रतियोगिता शुरू भएको छ ।


तस्वीरः प्रतीक

उद्घाटन खेल कोन्हिया र ताजपुर क्लबबीच भएको थियो । खेलको पहिलो हाफमा कोन्हिया क्लबले दुई गोल गरेको थियो भने दोस्रो हाफमा ताजपुर क्लबले दुई गोल गरी खेल बराबरी गरेको थियो।

थप समयमा पनि गोल नभएपछि टाइब्रेकरबाट खेलको निर्णय गरिएको थियो । टाइब्रेकरमा ताजपुरले गरेको दुई गोलका विरुद्ध तीन गोल गरी कोन्हिया विजयी भएको थियो । प्रतियोगितामा १४ वटा टीमको सहभागिता छ । प्रथम हुने टीमले रु ५१००, दोस्रोले रु ३१०० र तेस्रोले रु १५०० पुरस्कार पाउने आयोजक क्लबले जनाएको छ ।

क्लबका अध्यक्ष दीपेन्द्र पटेलको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा प्रमुख अतिथि वडाध्यक्ष जीतेन्द्र यादवले स्वस्थ जीवनको लागि खेलकूद अति आवश्यक भएको बताए ।

खेलकुदमा सहभागी युवा नशामुक्त रहने पनि उनले बताए। कार्यक्रममा वडा सदस्य अमरुल हसन, नवकिशोर झा, केदार पटेललगायतको सहभागिता थियो ।

## एसिसी प्रिमियर कप क्रिकेट : साउदी अरेबिया र कुवेत विजयी

काठमाडौं, ९ वैशाख/रासस

एसिसी प्रिमियर कप क्रिकेट प्रतियोगिता अन्तर्गत शनिवार भएका खेलमा साउदी अरेबिया र कुवेत विजयी भएका छन्। साउदी अरेबियाले कतारलाई सात विकेटले तथा कुवेतले बहराइनलाई दुई विकेटले पराजित गरेको हो ।


तस्वीर सौजन्यः एसिसी

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङ गरेको कतारले निर्धारित ५० ओभरको खेलमा ४९ दशमलव पाँच ओभर खेल्दै सबै विकेट गुमाएर २१६ रन बनायो ।

२१७ रनको लक्ष्य साउदी अरेबियाले ३४ दशमलव दुई ओभरमा तीन विकेट गुमाएर पूरा गर्‍यो । साउदीका लागि अब्दुल वाहिदले शतकीय पारी खेले। उनले १०८ बलमा १२४ रन बनाए ।

यस्तै, वकार उल हसनले ५५ तथा हिसम शेखले अविजित २१ रन बनाए। बलिङतर्फ कतारका लागि इक्रमुल्लाह खानले दुई तथा खुरम शाहजादले एक विकेट लिए ।

यसअघि ब्याटिङ गर्दै कतारका लागि मोहमद तनवीरले ४६, कमरान खानले ३६, इमाल लियाङ्गेले ३१ तथा मोहमद रिजलानले २८ रन बनाए। बलिङतर्फ साउदीका इश्तियाक अहमदले चार तथा अतिफ उर रहमान, जैन उल अवीदिन र अहमद बलादर्फले दुई/दुई विकेट लिए ।

यसैगरी, मूलपानी क्रिकेट मैदानमा भएको अर्को खेलमा टस हारेर बहराइनले पहिला ब्याटिङ गर्दै निर्धारित ५० ओभरमा सात विकेट गुमाएर २५५ रन बनायो ।

२५६ रनको लक्ष्य कुवेतले ४४ दशमलव दुई ओभरमा दुई विकेट गुमाएर पूरा गर्‍यो। कुवेतका लागि यासिन पटेलले अविजित ६३, अदनान इद्रिशले ५६ तथा मित भावसरले ५४ रन बनाए। बलिङतर्फ बहराइनका लागि अब्दुल मजिदले तीन विकेट लिए ।

यसअघि ब्याटिङ गर्ने क्रममा बहराइनका लागि इमरान अनवरले ५३ तथा फैज अहमदले ४८ रन बनाए। बलिङतर्फ कुवेतका लागि सैयद मोनिवले चार विकेट लिए ।

### साहित्यकारहरू पुरस्कृत ...

अनित्यलाई रामहरि देवु युवा साहित्य सम्मान प्रदान गरिएको थियो। अधिवक्ता ऋषि केवी र उनकी पत्नी पुण्यशीला श्रेष्ठले स्थापना गरेको नगद १० हजार १ राशिको सो पुरस्कार अनित्यलाई प्रदान गरिएको थियो।

हेटौंडामा शनिवारदेखि शुरू भएको दुई दिने साहित्य महोत्सवमा साह र श्रेष्ठसहित साहित्यकार मनु मञ्जिललाई डम्बर पूर्णमाया स्मृति कविता सम्मान, साहित्यकार महेश पौडेललाई साहित्य सङ्गम मकवानपुर कृति सम्मान, साहित्यकार पूर्णकला घिमिरेलाई शुभद्रादेवी मदन मुडभरी स्मृति सम्मान, साहित्यकार एसके निधनलाई मुक्तितारा सम्मान प्रदान गरिएको थियो ।



वीरगंज–१२ मुर्लीको मस्जिदमा इदको अवसरमा नमाज पढ्दै र सीमावर्ती रक्सौलमा नमाजपछि खुशी साटासाट गदै मुस्लिम धर्मावलम्बीहरू । तस्वीरः प्रतीक